आज मिति २०८२।१०।२५ गते आइतबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८२।८३ को आठौं बैठकमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

CamScanner

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

## आर्थिक वर्ष २०८२।८३ को आठौँ कार्यपालिका बैठकका निर्णयहरु

*(मितिः २०८२।१०।२५ गते)*

**प्रस्तावहरुः**

१. सडक बोर्डको योजना सम्बन्धमा।

२. अध्ययन बिदा सम्बन्धमा।

३. करार कर्मचारीको म्याद थप सम्बन्धमा।

४. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यदलको प्रतिवेदन सम्बन्धमा।

५. बृहत घोप्टेखोला खानेपानी आयोजना सम्बन्धमा।

६. मंगलाघाट प्रहरी बिट भाडा सम्झौता म्याद थप सम्बन्धमा।

७. तीन पाङ्ग्रे सवारी साधनको दर्ता एवम् रुट इजाजत सम्बन्धमा।

८. सामुदायिक विद्यालयमा भवन निर्माण कार्यक्रम अन्तरगत विद्यालयको तला थप सम्बन्धमा।

९. करदाता सेवा कार्यालयबाट प्रवाह भएको सेवा नगरपालिकाबाट प्रदान गर्ने सम्बन्धमा।

१०. विविध सम्बन्धमा।

**निर्णयहरुः**

१. चालु आर्थिक वर्ष २०८२।८३ मा सडक बोर्ड, नेपालबाट बेनी नगरपालिकालाई प्राप्त हुने रकमबाट बेनी देखि लभ्लिहिल जाने सडकलाई स्तरोन्नती गर्ने गरी "बेनी – लभ्लिहिल सडक स्तरोन्नती आयोजना" अगाडि बढाउने। साथै गत आर्थिक वर्षमा भुक्तानी बाँकी रहेको सडको बोर्ड तर्फको योजनाको रकम सडक बोर्डबाट बजेट प्राप्त भए पश्चात् सोही शिर्षकबाट भुक्तानी गर्ने।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

२. बेनी नगरपालिका अन्तर्गतको ज्यामरुककोट स्वास्थ्य चौकी, ज्यामरुककोटमा सि.अ.न.मी. पद (अधिकृतस्तर छैठौं तह) मा कार्यरत करुणा थापा मगर (क.सं.नं. २१२०५४) लाई बेनी नगर कार्यपालिकाको कार्यालयको च.नं. २७७, मिति २०८२।०५।२९ गतेको पत्रानुसार BNS (Bachelor of Nursing Science) अध्ययनका लागि पूर्वस्वीकृती दिइएकोमा निजले मिति २०८२।१०।०४ गते अध्ययन बिदाका लागि निवेदन पेस गर्नुभएको तथा निवेदन साथ पेश भएका कागजातहरुका अनुसार समेत निज पोखरा नर्सिङ क्याम्पस, पोखरामा अध्ययनका लागि सिफारिस भएको देखिन आएकोले निजलाई गण्डकी प्रदेशको स्थानीय सेवा नियमावली, २०८० को नियम १११ तथा नियम १२० बमोजिम मिति २०८२/११/२५ देखि २०८२/११/२४ सम्मको अवधिको जम्मा ३ वर्ष अध्ययन बिदा स्वीकृत गर्ने।

३. बेनी नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत अनुसूची (१) मा उल्लिखित करार सेवाका कर्मचारीहरुको करार सेवा सम्झौता अवधी २०८२ पौष मसान्त सम्म रहेको तथा निज करार सेवाका कर्मचारीहरुले करार सेवा सम्झौता म्याद थप गर्न निवेदन पेस गरेको तथा नेपाल सरकारको करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधीको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ अनुसारको कार्य सम्पादन मूल्याङ्कनमा ८० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेकोले अनुसूचीमा उल्लिखित कर्मचारीहरुको करार सेवा सम्झौता मिति २०८२ माघ १ गते देखि लागू हुने गरी २०८३ असार मसान्त सम्मका लागि थप गर्ने।

४. बेनी नगरपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्नका लागि प्रतिवेदन तयार गरी पेस गर्न कार्यदल गठन गरी जिम्मा दिइएकोमा उक्त कार्यदलले पेस गरेको प्रतिवेदन उपर आवश्यक छलफल तथा सुझाव प्राप्त गर्नको लागि सबै वडा कार्यालयमा पठाउने।

५. बेनी नगरपालिका तथा रघुगंगा गाउँपालिकाको क्षेत्रमा खानेपानी व्यवस्थापनका लागि संघीय सरकारको अनुदानमा निर्माण कार्य अगाडि बढेको बृहत घोप्टेखोला खानेपानी आयोजनामा बेनी नगरपालिका अन्तरगतका उपभोक्ताहरुको लागत साझेदारी रकम बेनी नगरपालिकाबाट व्यहोर्ने सम्बन्धमा अन्य स्थानीय तहहरुको अभ्यास समेत अध्ययन गरी प्रतिवेदन पेस गर्नका लागि तपसिल बमोजिमको कार्यदल गठन गरी जिम्मेवारी दिने।

**तपसिल:**

१) श्री अण बहादुर खडका, वडा अध्यक्ष, बेनी न.पा.-४ - संयोजक
२) श्री उत्तम कर्माचार्य, वडा अध्यक्ष, बेनी न.पा. – ८ - सदस्य
३) श्री चक्र बहादुर बानियाँ, वडा अध्यक्ष, बेनी न.पा. – ९ - सदस्य
४) श्री युवराज थापा, वरिष्ठ प्रशासकीय अधिकृत, बेनी न.पा. - सदस्य
५) श्री गोकुल शर्मा, लेखा अधिकृत, बेनी न.पा. - सदस्य

६. बेनी नगरपालिका, वडा नं. ७ स्थित मंगलाघाट प्रहरी बिट व्यवस्थापनको लागि बेनी नगरपालिकाले बेनी नगरपालिका, वडा नं. ७, मंगलाघाट निबासी भरत कुमार राज भण्डारीको घर प्रयोग गर्ने गरी भाडा सम्झौता गरिएकोमा २०८२ पौष मसान्त पश्चात् समाप्त भएकोले २०८३ असार मसान्त सम्मका लागि म्याद थप गर्ने।

सुरत के.सी.
नगर प्रमुख

CamScanner

७. "बेनी नगरपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" बमोजिमको रुट इजाजत तथा भाडा दर निर्धारण समितिको मिति २०८२।०९।२३ गतेको बैठकले तपसिलको आवेदकलाई तीन पाङ्ग्रे सवारी सञ्चालनका लागि अनुमती दिन कार्यपालिकामा सिफारिस भई आएकोले अनुमती प्रदान गर्ने गरी प्रक्रिया अगाडि बढाउने।

| क्र.सं. | नाम, थर | ठेगाना | नागरिकता प्रमाणपत्र नं. |
|---|---|---|---|
| १ | शिर बहादुर सुनार | बेनी नगरपालिका-६, म्याग्दी | ३५०० |
| २ | श्री निकेश कुँवर | बेनी नगरपालिका-२, म्याग्दी | ४९-०१-७७-०१३०७ |
| ३ | श्री कृष्ण किसान | बेनी नगरपालिका-२, म्याग्दी | ४९१००३/२३२७८ |
| ४ | श्री सुरज के.सी. | बेनी नगरपालिका-६, म्याग्दी | ४९१००१/९८५३ |

८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट चालु आर्थिक वर्षमा बेनी सामुदायिक माध्यामिक विद्यालयको दुई कोठे भवन र प्रकाश माध्यामिक विद्यालयको चार कोठे भवन निर्माणको लागि प्राप्त कार्यक्रम सम्बन्धमा छलफल गरियो। सो सम्बन्धमा भवन निर्माण सम्बन्धी प्राविधिक प्रतिवेदनका आधारमा तला थप गर्ने गरी निर्माण कार्य गर्न उपयुक्त देखिएमा तत् तत् विद्यालयको साविकको भवन संरचनामा तला थप गर्ने गरी निर्माण कार्य अगाडी बढाउने।

९. नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२।०७।१७ को बैठकबाट आन्तरिक राजस्व विभाग अन्तरगतका सबै करदाता सेवा कार्यालयहरु खारेज हुने र ती कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहबाट सम्पादन हुने भन्ने निर्णय भएको तथा **"करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रदान गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०८२"** समेत स्वीकृत भईसकेकोले नेपाल सरकारको निर्णय र स्वीकृत कार्यविधि बमोजिम करदाता सेवा सम्बन्धी कार्यहरु सम्पादन गर्न बेनी नगरपालिका सक्षम, प्रतिबद्ध र इच्छुक रहेकोले सो सेवा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक प्रबन्ध मिलाइदिन आन्तरिक राजश्व विभाग, काठमाण्डौंमा अनुरोध गर्ने र आवश्यकता अनुसार आन्तरिक राजस्व कार्यालय, बाग्लुङमा समेत पत्राचार गर्ने।

१०. नगरपालिकाबाट दुई पटकसम्म ठेक्का सूचना आव्हान गर्दा समेत ठेक्का लाग्न नसकेका बगरहरुबाट कुनै निर्माण व्यवसायी, फर्म, उपभोक्ता समिति वा व्यक्तिले निर्माण कार्यको लागि परिमाण खुलाई निर्माण सामाग्री माग गरेमा वातावरणीय अध्ययन प्रतिवेदन र प्रदेश सरकारले निर्धारण गरेको दररेट बमोजिम हुने गरी राजश्व शाखाका कर्मचारी र नगर प्रहरी खटाई अमानतबाट बिक्री गर्ने। साथै चालु आर्थिक वर्षको राजस्व लक्ष्य प्राप्तिका निरन्तर प्रयास गर्न कार्यालयलाई निर्देशन दिने।

सुरत के.सी.
नगर प्रमुख

११. यस नगरपालिकाको कालिपुल बसपार्कमा निर्मित टर्मिनल भवन लगायत अन्य भवनहरुमा रिक्त रहेका कोठाहरु भाडामा लगाई बहाल बिटौरी शुल्क असूली गर्नुपर्ने भएकोले सो सम्बन्धमा गठित समितिको बैठकले गरेको सिफारिस बमोजिम भाडा सम्झौता गरी राजस्व असूली गर्ने।

१२. एक पालिका एक खेलमैदान निर्माणको लागि यस नगरपालिकाको वडा नं. ९ स्थित तोरीपानी खेलकुद मैदानको स्तरोन्नती गर्नुपर्ने भएकोले गण्डकी प्रदेश सरकारबाट स्वीकृत भएको आयोजना कार्यान्वयन प्रक्रियालाई अगाडी बढाइदिनको लागि एकीकृत सेवा कार्यालय म्याग्दीलाई लेखी पठाउने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner